# जातीय समानताको बढावाको निम्ति
# विद्यमान तथा योजनाबद्ध उपायहरू

## सरकारी प्रमुख सुचना अधिकारी कार्यालय
## (अफिस अफ द गर्भमेन्ट चिफ ईनफरमेशन अफिसर)

सरकारी प्रमुख सूचना अधिकारी (OGCIO) को कार्यालयले सुरक्षित र सुविधाजनक डिजिटल सरकारी सेवाहरू प्रदान गर्न र प्रयोगकर्ताको लागि अनुभव सुधार गर्न नवप्रर्तन र प्रविधि प्रयोग गर्न प्रतिबद्ध छ । OGCIOले सर्वसाधारणको जातियताको पर्वाह नगरी सबै सदस्यहरूले आफ्ना सेवाहरूमा समान पहुँच सुनिश्चित गर्नुलाई प्रमुख महत्त्व दिन्छ । यस सम्बन्धमा, निम्न उपायहरू राखिएका छन् ।

सम्बन्धित सेवाहरु

- GovHK(www.gov.hk)ले समाजका विभिन्न क्षेत्रका प्रयोगकर्ताहरूलाई सरकारी सूचना र अनलाइन सेवाहरूको लागि ग्राहक-उन्मुख र प्रयोगकर्ता-मैत्री प्लेटफर्म प्रदान गर्दछ ।

- सर्वसाधारणहरूले OGCIO को वेबसाइटमा वा इमेल वा टेलिफोन सोधपुछ मार्फत OGCIO बारे जानकारी प्राप्त गर्न सक्छन् ।

विद्यमान उपायहरु

- GovHK मार्फत, विविध जातिका मानिसहरूलाई जानकारी र सेवाहरूको लागि ब्यूरो र विभागहरू (B/Ds)को विभागीय र विषयगत वेबसाइटहरूमा निर्देशित गर्न सकिन्छ ।

- डिसेम्बर 2010 मा GovHK मा विविध जातिका मानिसहरूका लागि समर्पित बहु-भाषा प्लेटफर्मको सुरुवाद गरिएको छ । विभिन्न B/Ds द्वारा प्रदान गरिएको आवश्यक जानकारीको लिङ्कहरू जम्मा आठ भाषाहरूमा उपलब्ध छन् (चिनियाँ र अंग्रेजी बाहेक)। विभिन्न जातिका प्रयोगकर्ताहरूलाई जानकारी सजिलै पत्ता लगाउन सक्षम बनाउनका लागि प्रत्येक विशिष्ट भाषाको वेबपेजमा सर्च फङ्सन उपलब्ध गरिएको छ ।

- हाल, 1823 ले GovHK को लागि हेल्पडेस्क सेवा प्रदान गरिरहेको छ, र विविध जातिका मानिसहरूबाट कल र इमेलहरू अल्पसंख्यक जातीयहरूको केन्द्र (CHEER)मा पुन:निर्देशित गर्न सक्छ ।

| | |
|---|---|
| | CHEERले प्रयोगकर्ताहरूसँग सञ्चार गर्नेछ, र आवश्यक परेमा, उनीहरूलाई सहयोगको लागि सम्बन्धित B/Ds मा सिफारिस गर्नेछ। |
| | • OGCIO बारे जानकारी OGCIOको वेबसाइटमा चिनियाँ र अंग्रेजी दुवै भाषामा उपलब्ध छन् । |
| | • आवश्यक र उपयुक्त भएको खण्डमा अनुवाद सेवाको व्यवस्था गरिनेछ । |
| भावी कार्यको मूल्यांकन | • बहु-भाषा प्लेटफर्म र GovHK मा उपलब्ध गराईएका हाइपरलिङ्कहरू र जानकारी आवश्यक परेको खण्डमा अद्यावधिक गर्न हामी B/Ds सँग काम गर्नेछौं । |
| | • OGCIOले विद्यमान उपायहरू नियमित रूपमा समीक्षा गर्नेछ र उपयुक्त रूपमा सुधार गर्नेछ । |
| लिइएको /लिनुपर्ने थप उपायहरु | • विविध जातिका मानिसहरूसँग सम्बन्धित विषयवस्तुहरू GovHK मा लिङ्क गर्न हामी B/Ds सँग काम गर्नेछौं । |
| | • कर्मचारीहरूलाई जातीय समानता प्रति चेतना र संवेदनशीलता बढाउन तालिमको व्यवस्था गरिनेछ । |

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरुबारे सोधपुछका लागि, कृपया मिस्टर बोरिस ल्योङ, सिनियर एक्जेक्युटिव अफिसर (एडमिनिस्ट्रेशन)1 लाई निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् –

| | | |
|---|---|---|
| टेलिफोन नं | : | 3847 7439 |
| फ्याक्स नं. | : | 2802 4549 |
| ईमेल | : | enquiry@ogcio.gov.hk |
| पत्राचार ठेगाना | : | 12/F, Treasury Building, No. 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon |

**अफिस अफ द गर्र्मेन्ट चिफ ईनफरमेशन अफिसर**
**जुन 2023**